परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



वर्ष : ४ अंक : १७ पृष्ठ ४ २०८२ माघ १३ गते, मंगलबार 27 January, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## मधेशले कांग्रेस र प्रजातन्त्रलाई लगाएको गुण भुल्न सकिँदैन : सभापति थापा



टक नेपाल

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले मधेशले कांग्रेसलाई लगाएको गुणबारे आफू राम्रोसँग जानकार रहेको बताउनु भएको छ ।

दोस्रो विशेष महाधिवेशनबाट पार्टी सभापतिमा निर्वाचित भएपछि पहिलो पटक सोमबार मधेश भर्नुभएका थापाले आफ्नो निर्वाचन क्षेत्र सर्लाहीको धनकौल गाउँपालिकास्थित क्षेत्रीय पार्टी कार्यालयमा कार्यकर्तालाई सम्बोधन गर्दै मधेशले कांग्रेस र प्रजातन्त्रलाई लगाएको गुण भुल्न नसक्ने बताउनुभएको हो । "आफूलाई मधेशमा आएर समाहित भएपछि यहाँको बारेमा थप जान्न पाउँछु भनेर सर्लाही आएको हुँ," थापाले भन्नुभयो, "अब यहाँको प्रतिनिधि भएर यहाँको रहनसहनसँग घुलमिल हुने छु ।"

आफूभित्र मधेश र मधेशभित्र आफूलाई ल्याउने प्रयासस्वरुप सर्लाही आएको थापाको भनाइ छ । केही वर्षअघि नै पूर्वपश्चिम हुलाकी राजमार्गको यात्रा गर्दा आफूलाई मधेशको प्रतिनिधित्व गर्ने रहर लागेकोमा यो पटक साकार भएको उहाँले बताउनुभयो ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा यत्रो योगदान गरेको मधेशमा अब आफू सेवक भएर काम गर्ने कांग्रेस सभापति थापाको भनाइ छ । उहाँले सर्लाही ४ र काठमाडौंमा स्थायी कार्यालय खोलेरै सर्लाही ४ का नागरिकको समस्या समाधानमा लाग्ने बताउनुभयो ।

थापाले करिव १५ मिनेट सम्बोधनमा कुनै राजनीतिक दल तथा नेताविरुद्ध बोल्नु भएन । आफू कसैविरुद्ध आरोप प्रत्यारोपमा उत्रन नभई नागरिकको सेवक बन्न आएको कांग्रेस सभापति थापाको भनाइ छ ।

कांग्रेस सभापति थापालाई सोमबार मधेश प्रदेशको बारा, रौतहट र सर्लाहीका विभिन्न स्थानमा स्वागत गर्दै नेता, कार्यकर्ताले क्षेत्र नं= ४ सम्म ल्याएका हुन् । थापाले सोमबार दिउँसो सर्लाहीस्थित मुक्तेश्वर बाबाधाम मन्दिरमा दर्शन गरी क्षेत्र

बाकी पृष्ठ २.....

## रौतहटमा कुष्ठरोगका बिरामी बढ्दो क्रममा

टक नेपाल

पछिल्लो समय रौतहटमा कुष्ठरोगी बढेका छन् । त्रिहत्तरौँ विश्व कुष्ठरोग दिवसका अवसरमा जिल्लास्थित स्वास्थ्य कार्यालयको समन्वयमा 'द लेप्रोसी मिसन नेपाल' द्वारा सोमबार यहाँ आयोजित अभिमुखीकरण कार्यक्रममा जिल्लामा पछिल्ला समय कुष्ठरोगी बढेका जानकारी दिइएको हो ।

'कुष्ठरोग छ ओखती, सामाजिक लाञ्छना र विभेद् मुख्य चुनौती' भन्ने मूल नाराका साथ आयोजित अभिमुखीकरण कार्यक्रममा द लेप्रोसी मिसन नेपालका स्रोतव्यक्ति राजकुमार साहले विगतको तुलनामा पछिल्लो समय यहाँ कुष्ठरोगका बिरामी बढेका बताए । उनका अनुसार आव २०८१।८२ र चालु आवको साउनदेखियता रौतहटमा १६७ जना कुष्ठरोगी भेटिएका हुन् । साउनदेखियता मात्रै ३२ जना नयाँ बिरामी फेला परेका उनले जानकारी दिए ।

सबैभन्दा बढी यमुनामाई गाउँपालिका, कटहरिया र माधवनारायण नगरपालिकामा कुष्ठरोगी देखापरेका स्रोतव्यक्ति साहले जानकारी दिए । "कुष्ठरोगका बिरामी दुई किसिमका हुन्छ । एक किसिमका बिरामीले छ महिना औषधि सेवन गर्नुपर्छ भने अको ' किसिमका बिरामीले एक वर्ष औषधि सेवन गर्नुपर्ने हुन्छ ।"

कुष्ठरोगीको उपचार पालिकास्तरीय स्वास्थ्य संस्थामा उपलब्ध हुने जनाउँदै स्रोतव्यक्ति साहले औषधि उपचारका लागि समस्या नभएका सङ्ग्रा लागेका व्यक्तिलाई नजिकको स्वास्थ्य संस्थामा गई उपचार गर्न आग्रह गरे । समयमै पहिचान र नियमित औषधि सेवनले कुष्ठरोग पूर्ण रूपमा निको हुने स्वास्थ्य कार्यालय प्रमुख राजेश सिंहले बताए । उनले कुष्ठरोगबारे अझै समाजमा गलत धारणा र डरत्रास कायम रहेकाले जनचेतनाका माध्यमबाट सचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याए ।




## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।
- मानव बेचबिखनका मुद्दा अनुसन्धान गने प्रहीलाइ यसका बोमा धे ज्ञान दिन जरूी छ । उनीह लाइ बेचबिखन सम्बन्धी अपाधको गाम्भीयता बुझाउन जरूी छ ।
- भातीय सिमा नाकाहरूमा संघ संस्था नागकि समाजसंग मिले निगानी प्रभावकी बनाइनु पदछ ।
- अनुसन्धान पद्धतिमा व्यापक सुधा गी विज्ञ समूह खडा गने विशेष अनुसन्धान पद्धति लागू गनिु आवश्यक छ ।

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश



पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

## मतदानमा विवेकभन्दा भावना हावी हुँदा

लोकतन्त्रमा चुनाव योग्य, नैतिक र दूरदर्शी नेतृत्व चयन गर्ने माध्यम हो । तर नेपाली राजनीतिक अभ्यास हेर्दा, राम्रो भिजन र स्पष्ट नीति बोकेका उम्मेदवारहरू अपेक्षित रूपमा किन सफल हुँदैनन् भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ । यसको उत्तर मतदाताको चेतनामा मात्र होइन, समाजको संरचना र राजनीतिक संस्कृतिमा निहित छ ।

नेपाली मतदाताको ठूलो हिस्सा नीति र दीर्घकालीन दृष्टिभन्दा पार्टीप्रतिको निष्ठा, नातागोता, व्यक्तिगत सहयोग, तत्कालीन लाभ र भावनात्मक सम्बन्धबाट प्रभावित हुने गरेको देखिन्छ । आर्थिक असुरक्षा, बेरोजगारी र दैनिक जीवनयापनको दबाबले मतदातालाई भविष्यभन्दा वर्तमान रोज्न बाध्य बनाएको छ। यही कारण पैसाको प्रभाव, मासु-रक्सी, झुटा आश्वासन र शक्ति प्रदर्शन चुनावी राजनीतिमा हाबी हुँदै गएका छन् ।

राजनीतिक शिक्षा र सूचनाको अभाव, सामाजिक सञ्जालमार्फत फैलिने भ्रम, तथा संस्थागत कमजोरीले 'राम्रो मान्छे आए पनि केही बदलिँदैन' भन्ने निराशावादी सोचलाई बलियो बनाएको छ। यसले इमानदार र सक्षम उम्मेदवारलाई थप कमजोर बनाएको छ।

यद्यपि परिवर्तनका संकेत देखिन थालेका छन् । नयाँ पुस्ताको राजनीतिक सचेतता र नागरिक दबाब बढ्दै गएको छ । लोकतन्त्रलाई सार्थक बनाउन मतदाताको निर्णय भावना र स्वार्थभन्दा विवेक, सूचना र दीर्घकालीन राष्ट्रिय हितबाट निर्देशित हुन अपरिहार्य छ ।

## मधेशले कांग्रेस र प्रजातन्त्रलाई.................................

नं.४ मा प्रवेश गरेर चुनावी अभियान सुरु गर्नुभएको हो ।

**म मधेस बुझ्न आएको हुँः सभापति थापा**

यसैगरी, राससका अनुसार, नेपाली कांग्रेसका सभापति गगन थापाले आफू मधेस पढ्न र बुझ्न आएको बताउनुभएको छ ।

आज सर्लाही निर्वाचन क्षेत्र नं ४, का मतदातालाई सम्बोधन गर्दै सभापति थापाले आफूले सुनेको मधेस पढ्न र बुझ्न आएको बताउनुभयो । सिमरा विमानस्थलमा आर्लेपछि ठाउँठाउँमा मधेसका साथीहरुले स्वागत गरेर देखाएको मायाले आफूलाई उत्साहित बनाएको उहाँको भनाइ थियो ।

नेपाली कांग्रेसको नेता भएको हैसियतले सभापति थापाले मधेसले कांग्रेस र लोकतन्त्रका लागि लगाएको गुणबारे जानकार भएको बताउनुभयो ।

"अब म यहाँको भाषा, रहनसहन, वेशभूषा, संस्कार संस्कृति सबै पढ्छु र सिक्छु । केही नेता साथीहरुले एक लाइन भए पनि स्थानीय भाषामा सम्बोधन गरिदिनु भन्नुभएको थियो", उहाँले भन्नुभयो, "म दुई दिनको चटक देखाउन आएको हैन । त्यसैले सबै सिक्छु अनिमात्रै बोल्छु ।"

काठमाडौँ क्षेत्र नं ४ बाट प्रतिनिधि भएर मधेसका सवालहरू संसदमा धेरै पटक उठाएको उल्लेख गर्दै उहाँले यस पटक मधेस र मधेसका सवाल नजिकबाट बुझ्ने प्रतिबद्धता जनाउनुभयो । एक पटक भए पनि मधेसप्रति समर्पित नभई, मधेसमा आफू र आफूमा मधेस नल्याई सम्पूर्ण रुपमा नेपाली हुन नसक्ने ठानेर आफू मधेस झरेको उहाँले स्पष्ट पार्नुभयो ।

# रिलायन्स सुगर मिलले चर्को ढुवानी भाडा लिएको किसानको आरोप

● टक नेपाल



बारास्थित रिलायन्स सुगर मिलले किसानसँग उखु ढुवानीको बढी भाडा लिएर किसानलाई ठग्ने काम गरेको उखु किसानले गुनासो गरेका छन् ।

उखु उत्पादक किसान संघ पर्साका सचिव पृथ्वी साहले यस वर्ष पर्साबाट बारास्थित उद्योगसम्म उखु ढुवानी भाडा उद्योगले प्रतिक्विन्टल ८० रुपैयाँ लिइरहेको बताए।

गत वर्ष यो भाडा दर प्रतिक्विन्टल ६५ रुपैयाँ रहेकोमा यस वर्ष एकै पटक १५ रुपैयाँ वृद्धि गरेर किसानलाई मार पार्ने काम गरेको उनले आरोप लगाए । 'उद्योग व्यवस्थापनले आफ्नै मिलेमतोको ढुवानी ठेकेदार खडा गरेर यस्तो काम गरी रहेको छ,' उनले भने, 'हामीले पत्ता लगाउँदा ८० रुपैयाँमा ६७ रुपैयाँ उद्योग व्यवस्थापनले ढुवानीकर्तालाई दिन्छ, बाँकी १३ रुपैयाँ आफै राख्छ ।'

यस वर्ष रौतहटको बाबा बैजुनाथ चिनी मिलले पर्सामा काँटा सन्चालन नगरेको अवस्थामा रिलायन्सले आफ्नो मनपरी गरेर किसान मार्ने काम मात्र गरिरहेको उनले बताए । उद्योग व्यवस्थापनसँग कुरा गर्दा ढुवानी भाडामा पनि १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने जवाफ दिने गरेको साहले बताए । 'ढुवानीमा २ प्रतिशतसम्म टिडिएस काटनु मान्य छ,' उनले भने, '१३ प्रतिशत मूल्य अभिवृद्धि कर जोड्नु कत्तिको न्यायोचित हो ?'

रिलायन्सले यस वर्ष पर्सामा मंसिर २९ देखि उखुको चलान दिएको पुस ३ देखि उखु क्रसिंग सुरु गरेको उनले बताए । तर पर्सामा उक्त उद्योगले काँटा सन्चालन नगरेको र उद्योगको पर्साको पोखरियास्थित खरिद केन्द्रमा एक जना पनि कर्मचारी र जेटीए नबस्ने भएकाले आफूहरु झनै मारमा परेको उनले बताए । पर्सामा यस वर्ष तीन हजार तीन सय बिघामा उखु खेती गरिएकोमा यहाँबाट उद्योगले ७ लाख क्विन्टल उखु पाउने साहले बताए। संघले रिलायन्सले गरिरहेको यो गलत काम र पर्सा जिल्लाका सडकमा उखु किसानको गाडीसँग लिइने अवैध करको बिरोध गर्दै एक महिनाअघि प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ज्ञापनपत्र बुझाए पनि निकास नपाएको उनले बताए ।

उखु उत्पादक किसान संघ पर्साका अध्यक्ष असर्फी साहले रिलायन्स सुगरले २०७४ सालदेखिको संघलाई दिने प्रतिक्विन्टल १५ पैसा नदिएर अल्झाउने काम मात्र गरिरहेको उनले बताए। 'यो पैसाले संघको कार्यालय सन्चालन तथा व्यवस्थापन, कच्ची सडकहरुमा माटो भर्ने लगायतको काम संघले गर्छ,' उनले भने, 'तर रिलायन्सको व्यवस्थापनले एक दशकदेखि यो रकम रोक्का गरेर संघप्रति ठूलो अन्याय गरिरहेको छ ।'

प्रमुख जिल्ला अधिकारी दाहालले आफूले उद्योग व्यवस्थापनलाई बोलाएर किसानसँग छलफल गराई समस्या समाधानको प्रयास गरिरहेको बताए । रिलायन्स सुगर मिलका प्रबन्ध निर्देशक राजकुमार अग्रवालले किसानको आरोपमा सत्यता नरहेको जिकिर गरे । उनले किसानसँग गत वर्षकै दरमा ढुवानी भाडा लिएको दाबी गरे । यस वर्ष अप्रिल १५ सम्म उखु क्रसिङ गर्ने उद्योगको लक्ष्य रहेको उनले बताए। उद्योगले हालसम्म करिब १० लाख टन उखु क्रसिङ गरिसकेको र यस वर्ष ३० लाख टन उखु क्रसिङ गर्ने योजना रहेको उनले बताए।






# प्रश्न बालेनलाई होइन, हामी आफैलाई गर्ने हो!

● टक नेपाल



बालेनलाई प्रश्न गर्न पाइएन भन्ने साथीहरू धेरै छन्। बालेनसँग प्रश्नोत्तर हेर्न चाहनेहरू त कति कति। म एउटा निष्कर्षमा पुगेको छु – प्रश्न बालेनलाई होइन, हामी आफैलाई गर्ने हो।

बालेन को हुन् भन्ने भन्दा पनि हामीले आफैलाई सोध्नुपर्छ – हामी को हौं?

बालेनबाट हामी के खोजिरहेका छौं भन्ने भन्दा पनि हामीले आफैलाई नियाल्नुपर्छ – हामी के चाहन्छौं?

हामी आफैलाई सुनी हेरौं – हामी किन बालेन-बालेन भनिरहेका छौं?

बालेन राजनीति गरेर नेता भएका हो इनन्। बालेनलाई हामीले नेता बनाएका हौं। हामीले बालेनलाई नेता किन बनायौं भन्ने बुझ्न खोज्यौं भने केही पहेली खुल्न सक्छ।

बालेन त इन्जिनियर थिए, र्‍याप गीत गाउँथे। गीत त अहिले पनि 'चमेली' भन्दै गाइरहेका छन्, तर त्यो उनको राजनीतिक उद्देश्यका लागि हो। अरूसँग पार्टी थिए, उनीसँग थिएन। त्यसैले गीतबाट उनले संगठन गरे। अहिले बल्ल उनी पार्टी प्रवेश गरेका छन्। पार्टी प्रवेशपछि उनको गीत आएको छैन!

पार्टी प्रवेश पनि अरूको जस्तो उनको होइन। अरूले साधारण सदस्यता, क्रियाशील सदस्यता के के लिन्छन्। किन लिन्छन् – लिनेले जानून्। मैले कहिल्यै नलिएको भएर कुरा थाहा भएन। बालेनले त सोझै प्रधानमन्त्री पद दिलाउने सर्तमा पार्टी सदस्यता स्वीकार गरे।

बालेनले वार्ता गरेनन्, अन्तर्वार्ता दिएनन्, बोलेनन् भन्ने धेरैको टिप्पणी छ।

मलाई कुतूहल के छ भने – त्यस्तो टिप्पणी गर्नेहरूले के जान्न खोजेका हुन्? के सुन्न खोजेका हुन्? के थाहा पाउन खोजेका हुन्?

बालेनले 'म बोल्न जान्दछु' भनेर राजनीति सुरू गरेकै होइनन्। जसले जे दाबी गरेकै छैन, उसले त्यसो किन गरेन भनेर सोध्नुको तात्पर्य छैन।

त्यसैले मैले भनेको – बालेनलाई बुझ्न खोज्नेहरूले पहिला आफूलाई बुझिहेर्ने प्रयत्न गरौं। यसो गर्‍यौं भने आफूलाई अलिकता भए पनि हलुका हुन्छ।

बालेनले के गर्छन् भनेर पनि धेरैको चासो म सुन्छु।

मैले हेर्दा त – च्व च्व....।

हेरेको होइन – देख्दा उनी एउटा हात अर्को पाखुरामा बाँधेर बस्छन्। ठ्याम्मै देउवाझैं। त्यो अवस्थामा म बालेन्द्र शाहमा शेरबहादुर देउवा देख्छु।

थप तादात्म्य के छ भने, मुस्किलले हाँस्छन्, सुनेझैं गर्छन्, झर्केको हो कि तकेको जस्तो जवाफ दिन्छन्। बोल्न नपरे हुन्थ्यो भन्ने गर्छन्। पत्रकार छल्छन्, भीडको माझबाट हाइहाइ सुन्दै उत्साही सर्वसाधारणहरूको घुँइचो ठेल्ने सहयोगीहरूको साथ लागेर बल्लतल्ल एकान्त पुग्छन् र सुस्ताउँछन्।

हामीले बालेनलाई सुनेर होइन, देखेर मन पराएका हौं। हामीले उनलाई किन मन परायौं भन्ने आफैलाई सोधिहेरौं।

प्रश्न पनि कति गरेका!

बालेनले 'ल्यान्ड रोभर डिफेन्डर एसयुभी ४३४३' चढेर चुनाव प्रचार गरे – चढेर होइन, चढेर आफै चलाए। हात हल्लाउँदै गए।

हामीलाई मनपर्‍यो। त्यत्रो वाहवाही भयो।

तर फेरि हामी नै सोध्दैछौं – त्यो त एक कम्पनीका साहुजीको रहेछ।

किन सौदाबाजी गरेको, के सौदाबाजी हुने भयो– हामीले सोध्ने प्रश्न यस्तै छ।

मालपानी लिएर सबैभन्दा पहिला नेतासम्म पहुँच कसरी स्थापित हुन्छ भन्ने हामीले हिजोदेखिकै नित्य लीला नबुझेझैं गरिरहेका छौं।

हामीले हिजो चप्पल लगाएर संसदमा पुगेकालाई गाली गर्‍यौं – किन जुत्ता नलगाएको भनेर।

कोही त नांगा खुट्टा नै पुगेका थिए। जो नांगा खुट्टा पुगेका थिए, उनी नांगा खुट्टा नै फर्किए। राजनीतिबाट नाँगै निवृत्त भए। हामी त्यो देख्दैनौं।

हामी देख्छौं – जो चप्पल लगाएर आएका थिए, तिनले आलिशान महल कसरी बनाए। जसले बनाए, तिनलाई र्‍याखर्‍याख पार्नुपर्ने निकाय किन स्वायत्त भएनन् भन्ने हामीले धेरै जान्न खोजेनौं।

जान्न खोजेका भए भोलि कसरी स्वायत्त हुन्छन् भनेर प्रश्न गर्ने थियौं। हामी त्यो प्रश्न गरिरहेका छैनौं। हामीलाई खास प्रश्नसँग सरोकार छ कि प्रतिक्रियासँग? हामी कसैको प्रतिक्रियाप्रति किन उत्तेजित हुन्छौं? हाम्रो समस्या के हो?

बालेनलाई हामीले सोध्न खोजेको के हो?

बालेनले कोसँग उभिएर किन जवाफ दिँदैनन् भन्ने प्रतिक्रिया दिए।

बालेनले 'म प्रश्नहरूको जवाफ दिन्छु' भनेको मैले कहिल्यै सुनेकै छैन। काठमाडौंका वडाध्यक्षहरूसँग कहिलेकाहीँ नोकझोक हामीले देखेका छौं। उनले काठमाडौं महानगरपालिकामा के गरे भन्दा पनि, उनीभन्दा उनका पक्षबाट उफ्रिने नगरप्रहरीहरू हामीले धेरै देख्यौं।

रूनेहरू रोए, रोइरहे। हामीले देखेको नदेख्यै गर्‍यौं।

तिनका पक्षमा बोल्नेलाई 'पार्टीका झोले' भनिदिँदा पनि हामी हेरिरह्यौं। झोला भिर्नेहरू सबै श्रापित भए।

बालेनलाई हामीले राजनीतिमा ल्यायौं। उनलाई हामीले अत्यधिक मतका साथ महानगरमा बसाउँदा के अपेक्षा गरेका थियौं – हामीले कहिल्यै आफूलाई सोधेनौं।

हामीलाई बालेन चाहिएको थियो। हामीले ल्यायौं।

अहिले हामीलाई फेरि बालेन चाहिएको छ। हामीलाई चाहिएकाले उनी आइदिएका छन्।

सोझै कताबाट आउँदा – पार्टी खोल कि पस – भन्यौं।

उनले खोल्न खोजेको जस्तो गरे, तर पस्न सजिलो हुने थियो, पसे।

राजनीतिक पार्टीमा लाग्ने भएपछि मेयर छाडे। प्रधानमन्त्री बनाइदिने तमसुक पाएपछि को किन पूरा कार्यकाल मेयर भइराखोस्?

तर त्यसरी कसैलाई हियाउन हुँदैन।

प्रधानमन्त्री त जेनजीले डिस्कर्डबाट मत हालेर पनि बनाउन खोजेका हुन्। उनलाई लाग्यो – असली प्रधानमन्त्री त मतपेटिकाबाट आउँछ। त्यो ६ महिनाको चुनावी प्रधानमन्त्रीले आफै चुनाव लड्न पनि पाउँदैन। लड्न पाउने भए अर्कै कुरा!

फरक यही हो – हिजोसम्म उनी एक्लै थिए, आज उनीसँग पार्टी छ। यो पार्टी पनि अघिल्लो चुनावसम्म कुनै पार्टी होइन, स्वतन्त्र व्यक्तिहरूको समूहजस्तो थियो। कताकति आजसम्म पनि त्यस्तै छ तर अब त पार्टी भइसक्यो। प्रधानमन्त्रीको उम्मेदवार तोक्ने भइसक्यो। अब यो पार्टी अरू पार्टीभन्दा कसरी फरक चल्छ भन्ने हेर्ने हो। जान्न खोज्दा जवाफ नपाइन सक्छ।

बालेनलाई हामीले स्वतन्त्र भनेर राजनीतिमा ल्यायौं। अहिले उनी स्वतन्त्र रहेनन्।

'स्वतन्त्र' नाम गरेको पार्टी हुँदैमा त्यहाँ बस्नेहरू स्वतन्त्र हुन्छन् भन्ने होइन। पार्टीभित्र संगठन हुन्छ, स्वार्थ हुन्छ, संघर्ष हुन्छ, गुट-उपगुट हुन्छ। मालपानी, दानापानीको व्यवहार पार्टीभित्र र बाहिर दुवैतिर हुन्छ। त्यो कसरी पारदर्शी हुन्छ भनेर हामीले प्रश्न गर्न खोजिरहेका हुन्छौं। हिजोकाले छलेर बोल्थे, आजकाले बोल्नै छल्छन्।

त्यसैले मैले भनेको – प्रश्न पहिला हामी आफैलाई गरौं।


अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# सिरहामा पोष्टमार्टमका लागि लगिएको युवतीको शव अस्पतालबाटै गायब



• टक नेपाल

सिरहामा पोष्टमार्टमका लागि लगिएको शव अस्पतालबाटै गायब भएको छ । गोलबजार नगरपालिका-३ जमदहकी १६ वर्षीया निशा बानियाँको शव अस्पतालबाटै गायब भएको हो ।

निशा गत शनिबार बिहान करिब १० बजेको समयमा आफ्नै घरमा झुन्डिएको अवस्थामा मृत भेटिएकी थिइन् । प्रहरीले उनको शव परीक्षण र पोष्टमार्टमका लागि लहानस्थित प्रादेशिक अस्पताल लगेको थियो ।

तर, आज शव ल्याउन अस्पताल जाँदा निशाको शव अस्पतालमै नरहेको र अर्कै युवतीको शव अस्पतालले बुझ्न भनेपछि आफन्त अहिले गोलबजारस्थित पूर्वपश्चिम राजमार्गमा चक्काजाम गरेर प्रदर्शनमा उत्रिएका छन् ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट रञ्जित झाले भने सप्तरीको खडक नगरपालिकाबाट पनि शनिबारै उस्तै प्रकृतिको शव आएको र उनीहरूले आइतबार भूलवश निशाको शव लगेको दाबी गरे । उनीहरूले निशाको शव जलाइसकेको र सप्तरीकी युवतीको शव यतै रहेको उनको दाबी छ ।

जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रवक्ता एवं डीएसपी रमेशबहादुर पालले यस विषयमा अनुसन्धान भइरहेको जानकारी दिए । 'हामीले यसबारेमा अनुसन्धान थालेका छौं,' उनले भने, 'यस्तो नहुनपर्ने हो, कसरी भयो भन्ने कुरा अनुसन्धानपछि खुल्छ ।'

# सप्तरी–२ मा चुनावी सरगर्मी बढ्दै

• टक नेपाल



सप्तरी क्षेत्र नं. २ प्रतिनिधिसभा निर्वाचनमा जिल्लाकै सबैभन्दा बढी चासोको विषय बनेको छ । बहुप्रतिस्पर्धी उम्मेदवारी र चर्चित नेताहरूको सहभागिताका कारण यस क्षेत्रमा चुनावी सरगर्मी तीव्र बन्दै गएको हो ।

यस क्षेत्रबाट जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउत, जनता समाजवादी पार्टीबाट पूर्व सिँचाइ मन्त्री उमेश यादव, नेपाल जनता पार्टीबाट पूर्व सांसद रञ्जुकुमारी ठाकुर, स्वाभिमान पार्टीबाट मधेस प्रदेशका पूर्व मुख्यमन्त्री सतिशकुमार सिंह, राष्ट्रिय स्वतन्त्र पार्टीबाट रामजी यादव, नेपाली कांग्रेसबाट रामकुमार यादव, नेकपा (एमाले) बाट मोहम्मद जियाउल रहमान, नेपाली कम्युनिस्ट पार्टीबाट सूर्यनाथ यादव (सुभाष) लगायत कुल ३४ जनाले उम्मेदवारी दिएका छन् ।

उम्मेदवारी दिएका अधिकांश उम्मेदवारले आफ्नो जित सुनिश्चित भएको दाबी गरिरहेका छन् । तर स्थानीय मतदाताबिच भने जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, जसपा नेपालका उम्मेदवार पूर्व मन्त्री उमेश यादव र राष्ट्रिय स्वतन्त्र पार्टीका रामजी यादवबिच कडा प्रतिस्पर्धा हुने र यी तीनमध्ये एक जनाले बाजी मार्ने चर्चा चल्न थालेको छ ।

गत निर्वाचनमा यसै क्षेत्रबाट जनमत पार्टीका अध्यक्ष डा. राउतले ३५ हजार ४२ मत प्राप्त गरी विजयी हुनुभएको थियो । उहाँका निकटतम प्रतिद्वन्द्वी जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले १६ हजार ९७९ मत प्राप्त गर्नुभएको थियो । यसपटक उपेन्द्र यादव क्षेत्र नं. ३ बाट उम्मेदवार भए पनि जनमत पार्टीबाटै मधेस प्रदेशका पूर्व मुख्यमन्त्री रहनु भएका तथा पछि पार्टीबाट अलग भएर नयाँ दल गठन गरेका शरद सिंह यादवले सप्तरी क्षेत्र नं. २ बाट उम्मेदवारी दिएपछि यहाँको राजनीतिक चासो झनै बढेको स्थानीय मतदाता रमेश साहले बताउनुभयो ।

जिल्लाको क्षेत्र नं. १ बाट नेपाली कांग्रेसका जिल्ला सभापति रामदेव साह, नेकपा (एमाले) का निवर्तमान पोलिटब्यूरो सदस्य सुमनराज प्याकुरेल, जनमत पार्टीका उपाध्यक्ष तथा प्रचार-प्रसार प्रमुख डा. जयकान्त राउतसहित २१ जनाले उम्मेदवारी दिएका छन् । यद्यपि नेपाली कांग्रेस, नेकपा (एमाले) र जनमत पार्टीका उम्मेदवारमध्ये एक जनाले बाजी मार्ने स्थानीय मतदाता ज्योति कुमारी दासको अनुमान छ । उम्मेदवारी दिएका रामदेव साह, डा. जयकान्त राउत र सुमनराज प्याकुरेलले भने आफ्नो जित सुनिश्चित रहेको दाबी गर्नुभएको छ ।

त्यस्तै सप्तरी क्षेत्र नं. ३ मा जसपा नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव, नेपाली कांग्रेसका निवर्तमान सांसद दिनेश कुमार यादव, नेकपा (एमाले) बाट ताराकान्त चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट अमरकान्त चौधरी, जनमत पार्टीबाट सुरेन्द्र मधेशी लगायत २२ जनाले उम्मेदवारी दिएका छन् । स्थानीय मतदाता उमाकान्त चौधरीका अनुसार यीमध्ये पाँच जना उम्मेदवारबिच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ । उपेन्द्र यादवले भने यस क्षेत्रबाट आफू निर्वाचित हुनेमा ढुक्क रहेको बताउनुभएको छ ।

यसैगरी क्षेत्र नं. ४ मा नेपाली कांग्रेसका निवर्तमान सांसद तेजुलाल चौधरी, जसपा नेपालबाट डा. बबी सिंह यादव, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सिताराम साह, जनमत पार्टीबाट जितेन्द्र कुमार साह, नेपाली कम्युनिस्ट पार्टीबाट रूवी कर्णसहित २७ जनाले उम्मेदवारी दिएका छन् । यद्यपि तेजुलाल चौधरी, डा. बबी सिंह यादव र रूवी कर्णबीच कडा प्रतिस्पर्धा हुने स्थानीय मतदाता सुनिता चौधरीले बताउनुभयो । अधिकांश उम्मेदवारले भने आफ्नै जित हुने दाबी गरिरहेका छन् । हाल सप्तरी जिल्लामा ४ लाख ४६ हजार ४०२ जना मतदाता रहेका छन् ।








## जनहितमा जारी

- बिना अनुमति बोडिङ नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



एकडारा गाउँपालिका,महोत्तरी




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014